## नेपालः जातिय विभेद र हत्यामा जारी दण्डहिनता अन्त्य गर

(बैङ्कक/काठमाडौं, जेठ २७, २०७७) – हालै भएका दलितहरूको हत्या र आक्रमणले नेपालमा विद्यमान जातिय विभेद र दण्डहिनता दर्शाएको भन्दै त्यसको अन्त्यका लागि फोरम एसिया र नेपालमा रहेका फोरम एसिया संग सम्बद्ध सात सदस्य संस्थाहरूले माग गरेका छन् ।

नवराज वि.क. र उनका साथीहरूमाथि जेठ १० गते भएको आक्रमणमा छ जनाले ज्यान गुमाएका छन् ।[1] नवराजको कथित उच्च जातकी एक युवतीसँगको प्रेम सम्बन्ध नै उनीहरूको मृत्युको कारण भएको अनुमान गरिएको छ । नेपालमा भइरहेका जातिय विभेद र हत्याका घटनाहरूमध्ये यो प्रतिनिधि घटना मात्र हो ।

“हिन्दु जात व्यवस्थामा अछुतका रूपमा विभेद गरिएका दलितहरूले पुस्तौंदेखि घृणा, अवहेलना र अन्य भेदभावहरू भोग्दै आएका छन् । दैनिकजसो दलितहरूमाथि देशभर ज्यादति भइरहको छ । सरकार कानुनी शासनको पालना गराउन असफल भएकोले दण्डहिनताको संस्कृति फैलिएको छ, जसले गर्दा दलितहरूको पीडा झन् थपिएको छ,” मानव अधिकारवादी संस्थाहरूले भनेका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अनुसार सन् २०१९ मा मात्र जातिय छुवाछूतसम्बन्धी ६१ ओटा घटनाहरू भएका थिए र सबैभन्दा बढी प्रभावित तीन जातिय समूहहरूमा दलितहरू थिए ।[2]

जातिय भेदभाव नेपालको संविधानको विरूद्ध छ र नेपालमा यसलाई अपराध मानिएको छ । नेपालको संविधानको धारा २४ ले “कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन” भनी सुनिश्चित गरेको छ । छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ मा पनि यस्तै व्यवस्था राखिएको छ । जातिय भेदभाव तथा छुवाछूतको कसूर गर्नेलाई कैद तथा सजायको समेत व्यवस्था गरिएको छ ।

स्पष्ट राष्ट्रिय कानुनको व्यवस्था तथा सबै प्रकारका जातिय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भए पनि दलितहरूको अधिकारको रक्षा गर्ने आफ्नो प्रतिबद्धता कायम गर्न नेपाल सरकार असफल भएको छ ।

सन् २००६ मा छुवाछूतमुक्त राष्ट्र घोषणा भएको एक दशकभन्दा बढि भए पनि नेपालमा जातिय भेदभाव तथा छुवाछूत दण्डहिनतासहित व्याप्त रहेको छ ।

हालै भएको दलित युवाहरूको हत्याको देशैभर विरोध भएको छ र यसले संसद, गृह मन्त्रालय तथा राष्ट्रिय मानव अधिकार आयोगको समेत ध्यान आकृष्ट गरेको छ । तथापि, न्यायका लागि विरोध प्रदर्शन गरिरहेका

---

[1] https://thehimalayantimes.com/nepal/chaurjahari-incident-body-of-sixth-missing-youth-found-after-10-days/
[2] https://www.insec.org.np/wp-content/uploads/2020/02/Nepal-Human-Right-Year-Book-2020-Eng.pdf

दलित अधिकारकर्मीहरूमाथि भएको अत्यधिक बल प्रयोगले दलित युवाहरुको हत्यासम्बन्धी अनुसन्धानको निष्पक्षता र विश्वसनीयतामाथि नै शङ्का पैदा गराएको छ ।

दलितहरूको हत्यासम्बन्धी निष्पक्ष तथा स्वतन्त्र अनुसन्धान गरी दोषीहरूलाई जवाफदेही बनाउन फोरम एसिया र यसका सदस्य संस्थाहरूले नेपाली अधिकारीहरूसँग माग गरेका छन् । नेपाल सरकारले नेपालमा रहेका दलित समुदायको सुरक्षा प्रत्याभूत गरी जातिय विभेद तथा आक्रमण नदोहोरिने सुनिश्चित गराउनु पर्छ ।

**समर्थन गर्ने संस्थाहरू:**

१. सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)

२. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

३. जागृति बाल तथा युवा सरोकार केन्द्र (जेसीवाइसीएन)

४. कर्णाली एकिकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक)

५. मानव अधिकार एलायन्स

६. महिला पुनर्स्थापना केन्द्र (ओरेक)

७. युथ एक्सन

**About FORUM-ASIA:**

***The Asian Forum for Human Rights and Development (FORUM-ASIA)*** *is a Bangkok-based regional network of 81 member organisations across 21 Asian countries, with consultative status with the United Nations Economic and Social Council, and consultative relationship with the ASEAN Intergovernmental Commission on Human Rights. Founded in 1991, FORUM-ASIA works to strengthen movements for human rights and sustainable development through research, advocacy, capacity-development and solidarity actions in Asia and beyond. It has sub-regional offices in Geneva, Jakarta, and Kathmandu. www.forum-asia.org*

**For further information, please contact:**

- South Asia Programme, FORUM-ASIA at sasia@forum-asia.org

**For media inquiries, please contact:**

- Yi-Lan, Communication and Media Programme, FORUM-ASIA at communication@forum-asia.org